का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २५३
❒ १७ कात्तिक २०७८, बुधबार
❒ 3 November 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।



# काँग्रेसलाई लाभैलाभ

२०७४ को निर्वाचनमा वाम गठबन्धनले पाँच वर्षे स्थीर सरकार चलाउने जनादेश पाएपनि साढे तीन वर्ष नपुग्दै शुरु भएको नेपाली काँग्रेसको सत्तारोहण अझै टुंगिएको छैन ।

काँग्रेसको नेतृत्वमा माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको सरकार छ । तर संसद्को सवैभन्दा ठूलो दल एमाले भने देशैभर प्रतिपक्षी बन्न पुगेको छ ।

- गठबन्धन समर्थनमा देउवा प्रधानमन्त्री
- गण्डकी र कर्णालीमा मुख्यमन्त्री
- सातै प्रदेशमा सत्तारुढ दल
- गृह, रक्षा, सञ्चार सहित प्रभावशाली मन्त्रालयको नेतृत्व
- संसद्को सवैभन्दा ठूलो दल सवैतिर प्रतिपक्ष

विस्तृत समाचार पृष्ठ २ मा...


# ओलीको धार्मिक रुझान

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले विपक्षीहरुप्रति आक्रोशित अभिव्यक्ति दिएका छन् । चितवन आवाशीय बसाइका क्रममा ओलीले मंगलबार राम-सीताको पूजा गर्दै विपक्षीप्रति खनिएका हुन् । "यहाँ राम-सीता लक्ष्मणका मूर्ति छन् । हात जोडेर बसेका हनुमानको मूर्ति छ । हनुमान सधैं हात जोडेर मात्रै बस्दैन । गदाहा पनि उठाउँछन् । हनुमानको गदाहा देखेर पापीहरु आत्तिन्छन्", ओलीको भनाइ थियो ।

अर्थात् विपक्षी दलहरुप्रति ओलीले धार्मिक पात्रको साहरा लिएर चेतावनी दिएका थिए । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई चेतावनी दिने क्रममा ओलीले आफ्नो पार्टीलाई हनुमानसँग तुलना गरेका हुन् । प्रचण्डले चितवनलाई कुरु क्षेत्र बनाउन खोजिएको अभिव्यक्ति दिएका थिए ।

प्रचण्डकै भनाइ सापट लिदै ओलीले कुरुक्षेत्रमा पाण्डव पक्षले युद्ध जित्ने बताएका छन् । त्यसअघि ओलीले हिन्दू परम्परा अनुसार सीता-रातको मूर्ति पूजा गरेका थिए । माडी पुगेर ओलीले राम मन्दिरको पूजा गरेका हुन् । प्रधानमन्त्री हुँदा ओलीले माडीलाई रामजन्मभूमि भएको घोषणा गरेका थिए । ओलीको यो घोषणाप्रति छिमेकी मुलुक बाँकी पृष्ठ २ मा




# पद जोगाउने प्रयास

प्रधानन्यायाधीश जबराले भने उपयुक्त समयमा राजीनामा दिने भन्दै न्यायाधीशहरुलाई इजलासमा फर्कन आग्रह गरेका छन् । यसलाई न्यायाधीशहरुले भने पद जोगाउने रणनीतिका रुपमा लिएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ कात्तिक ।

सर्वोच्च अदालतका न्यायाधीशहरु मंगलबार पनि इजलासमा बसेनन् । सोमबार बन्दी प्रत्यक्षीकरणको मुद्दा हेरेका न्यायाधीशहरु इजलासमा नसबेका हुन् । आइतबार प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासँग छलफल भएपछि सोमबार बन्दी प्रत्यक्षीकरणको मुद्दा हेरेका थिए । तर प्रधानन्यायाधीश जबराले अल्मल्याउने र पद लम्ब्याउने रणनीति लिएको भन्दै न्यायाधीशहरु इजलासमा नबसेका हुन् ।

गएको ७ कात्तिकबाटै न्यायाधीशहरु इजलासमा बसेका छैनन् । प्रधानन्यायाधीश जबराले न्यायिक सुधारका निम्ति राजीनामा दिनुपर्ने माग सहित अघोषित आन्दोलनमा उत्रिएका हुन् । तर प्रधानन्यायाधीश जबराले भने राजीनामा दिने, बरु महाअभियोग लगाएर हटाउन चुनौती दिएका छन् । आइतबार भने प्रधानन्यायाधीश जबरा न्यायाधीशहरुसँग



छलफलमा बस्न तयार भएका थिए ।

प्रधानन्यायाधीश जबराकै चाहनामा तीन न्यायाधीश छलफलमा बसेका थिए । न्यायाधीश अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र मनोज शर्मासँग प्रधानन्यायाधीश जबराले सम्मानजनक बहिर्गमनको प्रस्ताव राखेका थिए । तर सम्मानजनक बहिर्गमनबारे ठोस् प्रस्ताव राखेका थिएनन् । सोमबार पनि न्यायाधीश जबराले ठोस् जवाफ दिएनन् ।

यसपछि मंगलबार भने न्यायाधीशहरु फेरि इजलासमा बसेनन् । प्रधानन्याधीश जबराले कार्यकारीसँग भागबण्डामा सौदाबाजी गरेपछि न्याय क्षेत्रसँग सम्बन्धित संस्था र पूर्व प्रधानन्यायाधीशहरुले नै आपत्ति जनाएका छन् । चार जना पूर्वप्रधानन्यायाधीशले संयुक्त बक्तव्य जारी गरेर प्रधानन्यायाधीश जबरालाई राजीनामा दिन आग्रह गरेका थिए ।

गएको २२ असोजमा प्रधानमन्त्री शेरबहादुर देउवासँग मन्त्रिपरिषद्मा प्रधानन्यायाधीश जबराले आफ्नो कोटामा मन्त्री नियुक्ति गरेपछि आन्दोलन चर्किएको छ । प्रधानन्यायाधीश जबराको कोटाबाट गैरसांसद गजेन्द्रबहादुर हमाल उद्योग मन्त्री बनेका थिए । चर्को आलोचना पछि २४ असोजमा उनले राजीनामा दिए ।

तर अदालतको आन्दोलन भने चर्कियो । अहिले नेपाल बार बाँकी पृष्ठ २ मा

# कतार सम्झौता नवीकरणबारे संघद्वारा सुझाव संकलन जारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ कात्तिक

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कतारसँगको श्रम सम्झौतालाई बढी प्रभावकारी बनाउन लिखित सुझाव संकलन शुरू गरेको छ। संघले व्यवसायी र कामदारको हितलाई प्राथमिकतामा राखी सुझाव पठाउन आफ्ना सदस्य व्यवसायीहरूलाई आग्रह गरेको छ ।

संघका महासचिव सुजित कुमार श्रेष्ठले विभिन्न पक्षहरूसँग छलफल भइरहेको भन्दै संयुक्त अरब इमिरेट्स (यूएई) सँग यसअघि भएजस्तै शून्य लागतमा नेपाली कामदार पठाउने मोडालिटीमा श्रम सम्झौता नवीकरण गर्नुपर्ने बताए । सन् २००७ मा कतार सरकारसँग कामदार पठाउने सम्झौता भएको थियो ।

नेपाल र कतारबीच आगामी नोभेम्बर दोश्रो साता श्रम सम्झौता नवीकरण गर्ने तयारी छ । त्यस सम्झौतामा धेरै विषय थप गर्नुपर्ने नेपाली पक्षको भनाइ छ ।

यूएईसँगको सम्झौतामा नेपाली कामदारको लागत रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने, रोजगारदाताको कमीकमजोरीका कारण कामदार बेरोजगार हुनुपर्ने अवस्था आएमा कामदारले वैकल्पिक रोजगारीको खोजी गर्ने पाउने, कामदारलाई ज्याला, अतिरिक्त समय भत्ता, कार्य वातारण र न्यायमा पहुँच जस्ता विषयमा विभेद गर्न समेत नपाइने व्यवस्था छ ।

त्यस्तै कामदारले राहदानीलगायत आफ्नो व्यक्तिगत विवरण आफुले नै राख्न पाउने, कामदारको मृत्यु भएमा सकेसम्म छिटो रोजगारदाताको खर्चमा नेपालमा शव पठाउने, महिला कामदारका लागि श्रमिक कल्याण र सुरक्षाका विशेष उपायहरु सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेका छन् । महासचिव श्रेष्ठले कतारसँगको सम्झौतामा पनि यी पक्षलाई समेटिनु पर्ने बताए ।

पीडित कामदारले निःशुल्क कानूनी उपचार, विवाद विचाराधीन रहेको अवस्थामा अस्थायी श्रम स्वीकृतिका लागि आवेदन गर्न पाउने, व्यवसायजन्य दुर्घटना वा रोग लागेमा उपचारमा लाग्ने सम्पूर्ण खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने लगायतका व्यवस्था छ । संघले तिहारलगत्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठलाई लिखितरूपमा सुझाव दिने महासचिव श्रेष्ठले बताए ।

## वैदेशिक रोजगार विशेष

### अब हेटौंडाबाट पनि श्रम स्वीकृति

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) ले वैदेशिक रोजगारीका लागि हेटौंडाबाटै श्रम स्वीकृतिको व्यवस्था मिलाउने बताएका छन् । मंगलबार श्रम तथा रोजगार कार्यालय हेटौंडाको अनुगमनपछि मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीमा जानेहरूका लागि श्रम स्वीकृतिको व्यवस्था हेटौंडाकै कार्यालयबाट गर्ने व्यवस्था मिलाइने बताए ।

उनले हाल जनकपुर, पोखरा, धनगढी, बुटवललगायतका स्थानबाट श्रम स्वीकृति दिइँदै आएकोमा हेटौंडाबाट पनि उक्त सेवा शुरू गर्ने बताएका हुन् । श्रम कार्यालय, हेटौंडाको समस्या बारे जानकारी लिएपछि मन्त्री श्रेष्ठले प्रदेशको राजधानीमा आवश्यकता अनुसार पूर्वाधार र कर्मचारीको व्यवस्थापन गरिने बताए ।




# काँग्रेसलाई लाभैलाभ

मुक्ति रेग्मी /मध्यान्ह
काठमाडौं, १६ कात्तिक ।

कर्णाली प्रदेशमा नेपाली काँग्रेस नेतृत्वमा सरकार बन्ने भएको छ । नेकपा माओवादी केन्द्रका नेता महिन्द्रबहादुर शाहीले मुख्यमन्त्रीबाट राजीनामा दिएपछि काँग्रेस नेतृत्वमा सरकार बन्ने बाटो खुलेको हो । काँग्रेसबाट जीवनबहादुर शाही मुख्यमन्त्री बन्दैछन् । शाही २०७४ को चुनावमा कर्णालीबाट चुनाव जित्ने एक मात्रै नेता हुन् ।

सिंगो प्रदेशमा चुनाव जित्ने एक्लो नेता मुख्यमन्त्री बन्ने भएपछि राष्ट्रिय राजनीतिक वृत्तमा विभिन्न टिकाटिप्पणी भइरहेको छ । "एक जना मात्रै चुनाव जित्ने काँग्रेसले सरकार बनाउनु प्रतिगमन" भएको नेकपा एमालेका नेताहरुको टिप्पणी छ । ४० सदस्यीय कर्णाली प्रदेशसभामा काँग्रेसको एक प्रत्यक्ष र पाँच समानुपातिक सांसद छन् । ६ जना मात्रै सांसद रहेको काँग्रेसले प्रदेशसभाको बाँकी कार्यकाल सरकार चलाउनेछन् । कमजोर प्रतिपक्षी काँग्रेसले कर्णालीमा सरकारकै नेतृत्व गर्ने अवसर पाउनुमा भने वाम गठबन्धन र पछि एकता भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता नजोगिनु हो । पार्टी विभाजन कर्णाली प्रदेशसभामा नेकपाको ३३ सांसद थियो ।

तर नेकपाको एकता जोगिन सकेन । एमालेको २० र माओवादीको १३ सांसद थिए । पार्टी विभाजनपछि माओवादीका एक सांसद एमालेतिर लाग्दा पदमुक्त भए । एमालेले शाही नेतृत्वको सरकार विरुद्ध पहिले अविश्वासको प्रस्ताव र पछि समर्थन फिर्ता लियो । तर एमालेकै चार सांसदले फ्लोर क्रस गरेर सरकार जोगाइदियो । त्यसैबेला काँग्रेसले पनि सत्तामा जाने अवसर पायो । माओवादीसँग आलोपालो सरकार चलाउने सहमति अनुरुप काँग्रेसले सरकारको नेतृत्व गरेको छ । यो प्रदेशमा माओवादीका १२ सांसद छन् । फ्लोर क्रस गर्ने एमालेका चार सांसद पदमुक्त भएका छन् भने दुई जना एकीकृत समाजवादीमा लागेका छन् । एमालेसँग कर्णालीमा १४ सांसद मात्रै बाँकी छ । अर्थात् अहिले पनि एमाले प्रदेशसभाको सबैभन्दा ठूलो दल हो ।

अर्थात् नेकपा र पछि एमालेको विभाजनले काँग्रेसले प्रदेश सरकारको नेतृत्व गर्ने अवसर पाएको छ । यसअघि नै गण्डकी प्रदेश सरकारको नेतृत्व काँग्रेसले गरिसकेको छ । काँग्रेसका नेता कृष्णचन्द्र नेपाली एमालेका नेता पृथ्वीसुब्बा गुरुङलाई बिस्थापित गर्दै मुख्यमन्त्री बनेका हुन् । अन्य प्रदेशमा पनि काँग्रेस सरकारमा गइसकेको छ । माओवादी केन्द्र नेतृत्वको लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा काँग्रेस सहभागी छ । जनता समाजवादी पार्टी नेतृत्वको प्रदेश-२ सरकारमा पनि काँग्रेस सहभागी छ ।

एकीकृत बागमती र प्रदेश-१ मा पनि काँग्रेस सत्तारुढ दल हो । अर्थात्, पाँच वर्षे प्रतिपक्षी भूमिकाको जनमत पाएर पनि काँग्रेस सातै प्रदेशमा सत्तारुढ बनेको छ । उसोत देशकै नेतृत्व काँग्रेस नेतृत्वको गठबन्धनले गरिरहेको छ ।

गएको २९ असारमा सभापति शेबरहादुर देउवाको नेतृत्वमा गठबन्धन सरकार बनेको छ । काँग्रेसको नेतृत्वमा माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको सरकार छ । तर संसद्को सबैभन्दा ठूलो दल एमाले भने देशैभर प्रतिपक्षी बन्न पुगेको छ ।

## ओलीको...

भारतले आपत्ति जनाएको थियो । नेपालमै पनि चर्को आलोचना भएको थियो ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कै नेताहरुले समेत ओलीको यस्तो कार्यको आलोचना गरेका थिए । तर ओलीले कसैको टिप्पणी वा आलोचना नसुनी राममन्दिर स्थापना गरे । बाहिर चर्को आपत्ति जनाइएपछि ओलीले बालुवाटारभित्रै राम, सीता, लक्ष्मण र हनुमानको मूर्ति बनाएका थिए ।

ओलीलाई समकालीन राजनीतिमा धार्मिक कार्ड फाल्न खोजेको आरोप लगाइने गरेको छ । हुन पनि ओलीले चर्को आरोपकै बीच पशुपतिनाथमा जलहरी चढाएका थिए । त्यतिमा सीमित नरहेर ओलीले क्षमापुजा समेत गरे । जानकारहरु, पशुपतिमा क्षमापुजा गर्ने ओली पहिलो प्रधानमन्त्री हुन् ।

## पद...

एशोसिएशनले १४ कात्तिकबाट आन्दोलन शुरु भएको छ । तर प्रधानन्यायाधीश जबराले भने उपयुक्त समयमा राजीनामा दिने भन्दै न्यायाधीशहरुलाई इजलासमा फर्कन आग्रह गरेका छन् । यसलाई न्यायाधीशहरुले भने पद जोगाउने रणनीतिका रुपमा लिएका छन् । बरिष्ठ अधिवक्ताहरुले भने प्रधानन्यायाधीश जबराले राजीनामा नदिएसम्म बहसमा नफर्कने अडान लिएका छन् ।

## Invitation for Bids

# Katahari Rural Municipality

## Office of the Rural Municipal Executive

**Katahari, Morang**

**Province No. 1, Nepal**

**Invitation for Bids for the Construction of Works mentioned below in the table.**

**Date of publication: 2078/07/17**

1. ***Katahari Rural Municipality*** invites **electronic bids** from Nepalese eligible bidders for the construction of ***Works mentioned below in the table*** under National Competitive Bidding procedures. The estimated amount for the works are mentioned below in the table.
2. Eligible Bidders may obtain further information at the office of ***Katahari Rural Municipality, Katahari, Morang or through email at katahari gaupalika@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. ***Bidders shall have to submit their bid electronically only. No Hard copy will be provided or accepted in the office.***
   Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below in the table) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: : **Rastriya Banijya Bank Limited, Katahari Branch**
   Name of Office: **Katahari Rural Municipality, Katahari, Morang**
   Office Account no.: **2190100301010002**
4. Pre-bid meeting shall be held at Office of ***Katahari Rural Municipality, Katahari, Morang*** at ***12.00 pm on 2078/08/13.***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12.00 pm, 2078/08/19.***
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2.00 pm, 2078/08/19*** at the office of **Katahari Rural Municipality, Katahari, Morang.** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a amount specified in the table below which shall be valid for 30 days beyond the validity period of the bid.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in deposit **Account no. 2190100303000002** of office **of Katahari Rural Municipality Morang** at **Rastriya Banijya Bank Limited , Katahari Branch** and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Id | Description of Work | Estimated Amount (Rs.) (Excluding VAT) | Bid Security Amount (Rs.) | Cost of bidding document (Rs.) |
|---|---|---|---|---|
| KRM/NCB/R/ 16/2078-79 | Milansariko Ghar dekhi Malatiko Ghar samma Sadak Kalopatre, Katahari-02/03 | 3448667.51 | 100000 | 3000.00 |
| KRM/NCB/R/ 17/2078-79 | Kamat Tole dekhi Ram Rajbansiko Ghar samma Kalopatre, Katahari-03 | 2587342.19 | 75000 | 3000.00 |
| KRM/NCB/R/ 18/2078-79 | Katahari Ring Road Kalopatre, Katahari-02/03 | 9877309.5 | 275000 | 3000.00 |
| KRM/NCB/R/ 19/2078-79 | Kadamtoli bata Rangeli road samma Nala Nirman, Katahari-02 | 4304156.6 | 125000 | 3000.00 |
| KRM/NCB/R/ 20/2078-79 | Compound Wall and Road Construction Work at Balughat, Katahari-06 | 4303487.15 | 125000 | 3000.00 |
| KRM/NCB/B/ 21/2078-79 | Health Post Construction Work, Katahari-05 | 2789581.43 | 75000 | 3000.00 |

**Chief Administrative Officer**

# Panchkhal Municipality

## Office Of Municipal Executives

**Panchkhal, Kavrepalanchok**

**Bagmati Province, Nepal**

## बोलपत्र स्वीकृत गर्ने आसयको सुचना

**प्रकाशित मिति : २०७८/०७/१७**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सुचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयको सुचना प्रकाशित गरिएको छ ।

| S. N. | IFB NO. | Description of work | बोलपत्रदाता | कबोल रकम (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| 1 | PMW1/ RC/01/078/079 | TIRTIREDHARA - MANEGAU ROAD UPGRADING | Nirkamal Construction and Suppliers Pvt. Ltd., Kathmandu | 82,44,626.30/- |
| 2 | PMW1/ RC/02/078/079 | KOTYANG ROAD UPGRADING | Nirkamal Construction and Suppliers Pvt. Ltd., Kathmandu | 85,43,223.00/- |
| 3 | PMW2/ RC/02/078/079 | DWAREDIHI MAJHDIHI ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 26,57,177.86/- |
| 4 | PMW2/ RC/03/078/079 | JETHE CHAUTARO - JYAMIRKOT ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 12,03,620.30/- |
| 5 | PMW3/ RC/01/078/079 | LAMIDANDA - THUMKA ROAD UPGRADING | Everest Construction, Kavrepalanchok | 31,48,513.00/- |
| 6 | PMW3/ RC/02/078/079 | MOTHAPATI - THUMKA ROAD UPGRADING | Bhagawoti Nrman Sewa, Kavrepalanchok | 12,07,361.00/- |
| 7 | PMW3/ RC/03/078/079 | CHAPPIPAL - RAMPUR - GIRITOL ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 15,38,959.80/- |
| 8 | PMW3/ RC/04/078/079 | BRAHMAPUR ROAD UPGRADING | Kavre Construction and Suppliers Pvt. Ltd., Kavrepalanchok | 10,14,647.20/- |
| 9 | PMW4/ RC/01/078/079 | COLD STORE ROAD UPGRADING | D N O Nirman Sewa, Kavrepalanchok | 7,37,693.30/- |
| 10 | PMW4/ RC/02/078/079 | PANCHKHAL POLICE POST – ARMY BARRACK ROAD UPGRADING | Bhagawoti Nrman Sewa, Kavrepalanchok | 11,33,528.00/- |
| 11 | PMW4/ RC/03/078/079 | DHAP - BARAKO BOT ROAD UPGRADING | D N O Nirman Sewa, Kavrepalanchok | 6,21,399.90/- |
| 12 | PMW4/ RC/04/078/079 | DDC – VALEY SCHOOL ROAD UPGRADING | Success Construction and Developers, Kathmandu | 8,37,544.00/- |
| 13 | PMW4/ RC/05/078/079 | DANUWAR GAU - PATIGHAR ROAD UPGRADING | D N O Nirman Sewa, Kavrepalanchok | 6,16,457.50/- |
| 14 | PMW4/ RC/06/078/079 | WAY TO NEA ROAD UPGRADING | Bhagawoti Nrman Sewa, Kavrepalanchok | 6,10,780.00/- |
| 15 | PMW5/ RC/01/078/079 | 36 KILO - DEEP BORING ROAD UPGRADING | Kavre Construction and Suppliers Pvt. Ltd., Kavrepalanchok | 7,18,824.00/- |
| 16 | PMW5/ RC/02/078/079 | 37 KILO - MAYALAPANI ROAD UPGRADING | U & S Construction,Kavrepalanchok | 17,04,352.00/- |
| 17 | PMW5/ RC/03/078/079 | MAJHGAU- TAPKEGARA ROAD UPGRADING | Mahavir Nirman Sewa Pvt. Ltd., Lalitpur | 11,69,502.40/- |
| 18 | PMW5/ RC/04/078/079 | KERAGHARI - THATI ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 8,23,704.36/- |
| 19 | PMW6/ RC/01/078/079 | 37 KILO - CHAMUNDA ROAD UPGRADING | Kavre Construction and Suppliers Pvt. Ltd., Kavrepalanchok | 11,46,882.80/- |
| 20 | PMW6/ RC/02/078/079 | PIPALTAR ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 9,93,697.15/- |
| 21 | PMW6/ RC/03/078/079 | AAPAKO BOT - JOGIDANDA - SUGURE ROAD UPGRADING | Altratech Builders, Kathmandu | 19,87,296.75/- |
| 22 | PMW6/ RC/04/078/079 | TINPIPLE- EKATABASTI - DANFE KHOLA ROAD UPGRADING | Kavre Construction and Suppliers Pvt. Ltd., Kavrepalanchok | 9,32,200.00/- |
| 23 | PMW6/ RC/05/078/079 | CHHEDA - JHIGANPUR - GHATTA AGRICULTURAL ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 9,60,299.15/- |
| 24 | PMW7/ RC/01/078/079 | POKHARI - KUBINDE ROAD UPGRADING | Nirkamal Construction and Suppliers Pvt. Ltd., Kathmandu | 18,70,080.00/- |
| 25 | PMW7/ RC/02/078/079 | JORPIPLE BASTI ROAD UPGRADING | D N O Nirman Sewa, Kavrepalanchok | 4,91,671.50/- |
| 26 | PMW8/ RC/01/078/079 | HOKSE - PADULA ROAD UPGRADING | Altratech Builders, Kathmandu | 10,18,446.04/- |
| 27 | PMW8/ RC/02/078/079 | THUMKA -BHANJYANG ROAD UPGRADING | Suvaramva Nepal Construction Pvt. Ltd., Kavrepalanchok | 7,96,029.65/- |
| 28 | PMW8/ RC/03/078/079 | CHISAPANI ROAD UPGRADING | Success Construction and Developers, Kathmandu | 33,62,937.50/- |
| 29 | PMW8/ RC/04/078/079 | BALRAM MOD ROAD UPGRADING | Kavre Construction and Suppliers Pvt. Ltd., Kavrepalanchok | 7,56,215.20/- |
| 30 | PMW8/ RC/05/078/079 | BHANJYANG - SAKINE ROAD UPGRADING | Everest Construction, Kavrepalanchok | 8,38,020.00/- |
| 31 | PMW9/ RC/01/078/079 | PAHARI VILLAGE ROAD UPGRADING | Nirkamal Construction and Suppliers Pvt. Ltd., Kathmandu | 31,60,596.20/- |
| 32 | PMW9/ RC/02/078/079 | KALIKA MANDIR - DHARAPANI -BHETWALTHOK ROAD UPGRADING | Bhugdeu Mahakal Nirman Sewa, Kavrepalanchok | 9,22,631.85/- |
| 33 | PMW9/ RC/03/078/079 | BHIMSENSTHAN - THULAGAU ROAD UPGRADING | Bhagawoti Nrman Sewa (P). Ltd., Kavrepalanchok | 8,16,649.80/- |
| 34 | PMW9/ RC/04/078/079 | AAPCHAUR - SIMLE ROAD UPGRADING | Altratech Builders, Kathmandu | 8,27,485.80/- |
| 35 | PMW10/ RC/02/078/079 | BELA -CHHAP ROAD UPGRADING | Kavre Construction and Suppliers Pvt. Ltd., Kavrepalanchok | 14,09,074.20/- |
| 36 | PMW11/ RC/01/078/079 | LEKHALITOLE ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 22,20,677.05/- |
| 37 | PMW11/ RC/02/078/079 | KATUNJE-DANDATHOK ROAD UPGRADING | Altratech Builders, Kathmandu | 5,36,245.45/- |
| 38 | PMW11/ RC/03/078/079 | SWARA ROAD UPGRADING | Bhotsipa Nirman Sewa,Kavrepalanchok | 16,31,068.40/- |
| 39 | PMW12/ RC/01/078/079 | AAPGHARI-DANDAGAU ROAD UPGRADING | Everest Construction, Kavrepalanchok | 19,34,087.80/- |
| 40 | PMW12/ RC/02/078/079 | KHAHARE KHOLA - NARAYAN PRA. VI. ROAD UPGRADING | Everest Construction, Kavrepalanchok | 6,85,318.00/- |
| 41 | PMW13/ RC/01/078/079 | KALINJOR ROAD UPGRADING | Aashreeya Construction, Bhaktapur | 26,37,196.20/- |
| 42 | PMW13/ RC/02/078/079 | JYAMIRE ROAD UPGRADING | Suvaramva Nepal Construction Pvt. Ltd., Kavrepalanchok | 10,23,145.50/- |
| 43 | PMW13/ RC/03/078/079 | CHAPADANDA -THAPALIYATHOK ROAD UPGRADING | Mahavir Nirman Sewa Pvt. Ltd., Lalitpur | 8,34,732.90/- |
| 44 | PMW13/ RC/04/078/079 | GAIRIPIPAL- TRIPATHITHOK ROAD UPGRADING | Bhagawoti Nrman Sewa (P). Ltd., Kavrepalanchok | 10,88,145.50/- |

**प्रमुख प्रशासकिय अधिकृत**

# सामानको भाउ बढ्दा मारमा उपभोक्ता

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, १६ कार्तिक



असन बजारमा तिहार लक्षित व्यापार शुरुभएको छ । सयपत्री र मखमली फूलका मालाहरु, पुजाका विभिन्न सामग्रीहरु, भाई मसलाहरु, तिहारको लागि झिलिमिली चाइनिज बत्तीहरु, ढाका टोपी, मैनबत्ती, पालाका परिकारहरु लगायतका सामानहरु किन्नेको अत्याधिक भिड लागेको छ । तर सम्पूर्ण सामग्रीको उचित मूल्य नहुँदा उपभोक्ताहरु मारमा पर्ने गरेको बताएका छन् ।

बजारमा पसले अनुसारको भाउले गर्दा हरेक उपभोग्य सामानमा मूल्य फरक पर्नगएको उपभोक्ता राजेन्द्र डंगोल बताउँछन् । यसरी एउटै सामानको मूल्य पसल अनुसार फरक पर्दा उपभोक्ताहरु ठगीने र झुक्किने गरेका छन् ।

उनका अनुसार सुपरमार्केटहरुनै राम्रो हुने गरेपनि चाडवाडलाई चाहिने सम्पूर्ण सामान नपाइने हुँदा उपभोक्ताले सास्ती पाएको डंगोल बताउँछन् ।

खुल्ला बजारमा उपभोक्ता मूल्य एउटै नहुनु, बजार व्यवस्थित नहुनु, न्यून मुल्यमा गुणस्तर हिन सामान बेच्नु, उपभोग्य सामानको गुणस्तर लेबलिङ नगर्नु आदी कारणहरुले गर्दा उपभोक्ता त ठगिन्छन् नै तर यस्तो भिडभाडको समयमा उपभोक्तावादी संघसंस्थाहरुले पनि अनुगमन र म्रोसँग नगरिदिने हुनाले अनुगमन पश्चात पनि ठगिनेक्रम जारी रहेको डंगोल बताउँछन् ।

बानेश्वरका रोशनी बज्राचार्य असनमा भेटिइन् । असन बजारमा सामान किन्न नआई चित्त नबुझ्ने उनी बताउँछिन् ।

उनका पुर्खादेखिने यहिनै सामान किन्दै आइरहेकोले प्रायः चाडपर्वमा यहिनै आइरहने बताइन् । यहाँ हरेक सामान पाइने भएकोले केहि रुपैयाँ महंगो भएपनि यहिनै आइरहने उनी बताउँछिन् । कपनका राधेश्याम श्रेष्ठ पनि असनमै भेटिए ।

उनी दिदीबहिनीलाई उपहार दिनको लागि मूर्ति अथवा काँसको थालि किन्ने मनसायले बजारमा आएको रहेछन् तर बजारभाउले उनलाई अरुनै सामान किन्न बाध्य बनायो । काँसको भाउ गतवर्षको तुलनामा एक हजारले बढेको पाएपछि उनले कपडामै चित्त बुझाए । तामाका मूर्तिहरुको पनि उतिकै भाउ बढेको पाए । उनी भन्छन् 'अब बढ्न बाँकी केहि रहेन ।'

राष्ट्रिय उपभोक्तामञ्चका अध्यक्ष प्रेमलाल महर्जनका अनुसार असन इन्द्रचोक लगायतका व्यापारिक स्थलहरुमा दिन दहाडै व्यापारीहरुले ठगीरहेको बताउँछन् । भाइमसला लगायतका सामानमा १ सय देखि हजार रुपैयाँ महङ्गोमा फुलमालाजन्य सामानमा चालिसदेखि तीनसयसम्म तामा, पित्तलजन्य सामानमा ५ सय देखि १५ सय सम्मको फरकमा र अन्य खाद्य सामानमा बजार मूल्य भन्दा बढीमै बिकी गरिरहेका र मिठाइजन्य सामानमा अधिकांश अखाद्य बस्तु मिसावटगरी बिकी भएको पाइएको छ । तामा पित्तलजन्य पसलमा फलामको थालीमा चाँदीको लेपन गरिएका विभिन्न पूजाका भाँडाहरु चाँदीको भाउमा बिकी भइरहेको र यी फलामजन्य सामान लेपन गएपछि काम नै नलाग्ने हुँदा यस्ता बस्तुहरु खुल्लमखुल्ला बिकी भइरहेको तर राज्यका नियमनकारी निकाय निस्कृय भएको र केहि प्रचारबाजी अनुगमनले व्यापारीलाई झन् प्रोत्साहन गरेको बताउँछन् ।

यी र यस्ता विषयमा राज्यको ध्यान जानु भन्दा पनि नियन्त्रण हुन जरुरी देखिन्छ । तर राज्यका संयन्त्रको प्रचारबाजीले गर्दा उपभोक्ता मारमा परिरहेको छ ।

# लागूऔषध सहित पक्राउ

**कास्की/मस**–पोखरामा ठूलो मात्रामा लागूऔषधसहित एकजना युवक पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय सिसुवा र वडा प्रहरी कार्यलय गगनगौंडा कास्कीबाट खटिएको संयुक्त प्रहरी टोलीले पोखरा ३० गगनगौंडा पावरहाउसस्थित सवारी साधन चेकजाँच गर्दा ठूलो मात्रामा लागूऔषधसहित ती युवकलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा म्याग्दीको मालिका ओखरबोट स्थायी घर भइ हाल बेनी-८ क्याम्पस चोक बस्ने २२ वर्षीय गौरव बुढा रहेका छन् ।

उनको साथबाट लागूऔषध डाइजापाम- १२६ एम्पुल, नर्फिन-१२६ एम्पुल, फेनार्गन-१२६ एम्पुल गरी जम्मा ३७८ एम्पुल र मोबाइल १ थान सहित फेला पारी पक्राउ गरेको प्रहरीले जनाएको छ ।

उनलाई लागूऔषध सम्बन्धि मुद्दामा कास्की जिल्ला अदालतबाट दश दिनको म्याद थप गरी अनुसन्धान प्रकृया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।


## UAE मा रोजगारको अवसर
कम्पनी : DEYAAR FACILITIES MANAGEMENT LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/०७ | चलानी नं.: ६०१६६७४३ | LT. No.: 249145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 150 | 50 | स. काममा दक्ष | 900 | २९,२७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २५ देखि ३० गते (11 to 16 Nov. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ८३१/०६६/०६७
## नाशा ह्यूमन रिसोर्स प्रा. लि.
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोन: ०१- ४३७९६७७ । मो: ९८६९०७८९२८



## साउदीमा रोजगारको अवसर
कम्पनी : THE ORIGINAL BURGER COM.FOR FAST FOOD
शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/१६ | चलानी नं.: ६०१६६७७१ | LT. No.: 249408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | REST. WORKER | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २४ गते (10 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## Nepal Life Recrutiment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com


# २ लाख बराबरको अवैध पटका नष्ट

**बाके/मस**–बाँकेको इलाका प्रहरी कार्यालय जमुनाहले ठूलो परिमाणको अवैध रुपमा भारतबाट लुकिछिपी नेपाल भित्रिएको पटकाजन्य बस्तुहरु नष्ट गरेको छ ।

२ लाख मूल्य बराबरको पटका जन्य बस्तु जिल्ला प्रहरी कार्यलय बाँकेले पक्राउ गरी मंगलबार नष्ट गरिएको हो ।

जिल्ला प्रहरी कार्यलय बाँकेका प्रहरी प्रवक्ता डिएसपी मधुसुदन न्यौपानेले मंगलबार पत्रकारको उपस्थितिमा उक्त पटकाजन्य बस्तु नष्ट गरिएको बताएका छन् ।

दिपावली शुरु भएसँगै भारतबाट प्रतिबन्धित पटकाजन्य विस्फोटक पदार्थहरु जमुनाह सइ मीन बहादुर बिष्टको सेटिङ्गमा नेपाल भित्र्याउने गरेको पाइएको छ । भारत रुपैडियाका व्यापारी साजिद खातुन पवन गुप्ता र पटका क्यारिङ्ग गर्ने सन्तोष शर्माका अनुसार ईलाका प्रहरी कार्यलय जमुनाहका इन्चार्ज मीनबहादुर विष्टसँगको सेटिङ्गमा जमुनाह प्रहरीले पटका जन्य नेपालमा भित्र्याउने गरिएको छ । दिपावलीमा मनोरञ्जनको नाममा पटका पट्काउने गरिएतापनि नेपाल सरकारले यसलाई प्रतिबन्ध गरेको छ ।

## जनहितमा जारी सन्देश

नेपालीहरुको महान चाड वडादशै, तिहार (बलिहाङ तडनाम), छठपर्व, उधौली पर्व एवम् चासोक तडनाम २०७८ सालको पावन अवसरमा समस्त नगरवासी, देशवासी एवम् बिदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा कोरोना महामारीको यस विषम परिस्थितिमा स्वास्थ्य मापदण्डको पुर्ण पालना गरि संक्रमणको उच्च जोखिमलाई ध्यान दिएर पर्व मनाउन आग्रह गर्दछौ ।

**"चाडपर्वलाई विकृतिको रुपमा होइन, संस्कृतिको रुपमा मनाऔ ।"**

१. सर्वसाधारण सबैले अनिवार्य मास्क प्रयोग गर्न, सामाजिक दूरी कायम गर्न, समयसमयमा साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने लगायतका स्वस्थ्य मापदण्डको पालना गरौ ।
२. चाडपर्वहरु मनाउदा स्वस्थ्य मापदण्डको पुर्ण पालना गरि न्युनतम सहभागितामा सांकेतिक रुपमा सकेसम्म घरभित्रै परिवारको व्यक्तिहरु मात्र सामेल हुने गरि मनाऔ ।
३. सर्वसाधारण व्यक्ति, समुह तथा संस्था लगायतका निकायहरूबाट आर्थिक, सामाजिक, व्यवसायिक तथा अन्य गतिविधिहरु संचालन गर्दा मास्कको अनिवार्य प्रयोग गरौं ।
४. भौतिक दूरी कायम गरौं, पटकपटक साबुन पानीले हात धुने तथा सेनिटाइजरको प्रयोग गर्ने गरौं ।

| मन्जु कुमारी राई | पुरुषोत्तम घिमिरे | काली प्रसाद दास |
|---|---|---|
| नगर उप-प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

**सुनवर्षी नगरपालिका**
डाईनिया, मोरङ

---

स्थानीय सरकार
## गंगाजमुना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ्ग
वागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०७८/०७/१७**

यस गंगाजमुना गाउँ कार्यपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बागमती प्रदेश सरकार प्रदेश आर्थिक ऐन, २०७५ तथा नदिजन्य (पदार्थ संकलन र उपयोग) कार्यविधि, २०७५ बमोजिम आ.ब. ०७८/७९ मा तपशिलको ठेक्का शीर्षकमा आय संकलनलाई ठेक्काद्धारा व्यवस्थित गर्नकालागि मिति २०७८/०७/०८ मा यस कार्यालयबाट शिलबन्दी बोलपत्र आव्हान गरेकोमा तपशिलको आन्तिरिक आय ठेक्का शीर्षकमा पर्न आएका शिलबन्दी बोलपत्रहरु मध्ये सबैभन्दा बढी कबोल अंक भएको बोलपत्रलाई यस कार्यालयबाट स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन, २०६३, को दफा २७ उपदफा (२) तथा दफा ४७ को प्रयोजनार्थ लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नम्वर | आन्तरिक आय ठेक्का विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कुल रकम (VAT बाहेक) |
|---|---|---|---|
| GRM/ DHADING/ 01/078-79 | आखु खोला (बगुवाटारी, अमिलिफेदी, विराले ओडार, साल्दुमटारी र छुनुउ) र बुढिगण्डकी बगरको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा, रोडा घाटगद्दी संकलनएवं विक्रि (स्वीकृत खानी क्षेत्र बाहेक) । | सप्तरंगी कन्स्ट्रकसन, मनमैजु काठमाडौ । | रु. ३०,०१,०००/- (अक्षेरुपी तीस लाख एक हजार मात्र) |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

---

Provincial Government
Ministry of Physical Infrastructure, Urban Development and Transport Management
## Infrastructure Development Directorate
## Infrastructure Development Office
Nawalaparasi (BardaghatSusta East)
**Gandaki, Province**

## Invitation for Sealed Quotation

**Date of publication: 2078 -07-17 (3rdNov,2021)**

Infrastructure Development Office, Nawalparasi (BardaghatSusta East) invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under Sealed Quotation procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and contingencies (NRs.) | Cost of Bid Document (NRs) | Bid Security (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Pipal chowk namuna Botetol Rammandir Road Gaidakot, 6 | IDO-NAW(BSE)-W-SQ-18-2078/79 | 869,647.17 | 1,000.00 | 25,000.00 |
| 2 | Upgrading of dharmashakti west Jhaharekhola road Gaidakot, 17 | IDO-NAW(BSE)-W-SQ-19-2078/79 | 868,562.14 | 1,000.00 | 25,000.00 |
| 3 | Upgrading of PipalchowkKhaechaur – manakamanaDistillary Connecting Road Gaidakot 7,9 | IDO-NAW(BSE)-W-SQ-20-2078/79 | 863,194.90 | 1,000.00 | 25,000.00 |
| 4 | Upgrading of pashupatimarga ( matribhumi) – Kalikachok road Gaidakot, 8 | IDO-NAW(BSE)-W-SQ-21-2078/79 | 863,452.45 | 1,000.00 | 25,000.00 |
| 5 | Upgrading of Shivakalimarga to kaligandaki Corridor connecting road, Gaidakot 4 | IDO-NAW(BSE)-W-SQ-22-2078/79 | 862,376.24 | 1,000.00 | 25,000.00 |
| 6 | Upgrading of Bijayachowk – ShaktikoGhar- jayashree river Road | IDO-NAW(BSE)-W-SQ-23-2078/79 | 861,434.23 | 1,000.00 | 25,000.00 |
| 7 | Chahari chowk dekhisubash nepal kogharhudai narayani height samma janebato kalo patre, Madhyabindu-03 | IDO-NAW(BSE)-W-SQ-08-2078/79 | 883,225.01 | 1,000.00 | 25,000.00 |
| 8 | Tiriya Marga Kalopatre, Kawasoti 7 | IDO-NAW(BSE)-W-SQ-15-2078/79 | 858,894.77 | 1,000.00 | 25,000.00 |
| 9 | Barauli tardhye kiaamal tari jane bato sadakistarunati kawasoti 15 | IDO-NAW(BSE)-W-SQ-25-2078/79 | 863,188.92 | 1,000.00 | 25,000.00 |
| 10 | Ramchandra gckoghardhyeki kawasoti 17 jodne simana samman alasahit pitch madhyabindu 1 | IDO-NAW(BSE)-W-SQ-26-2078/79 | 1,288,785.69 | 1,000.00 | 37,500.00 |

**Information to deposit the cost of bidding document in Bank :**
**Name of the Bank:-** RastriyaBanijya Bank Ltd.
**Name of Office: -** Infrastructure Development Office, Kawasoti, Nawal parasi (bardaghat Susta East)
**Office Code no. :-** 3370146014 **Office Account no(Rajaswa).: -** 1000100200010000
**Rajaswa (revenue) Shirshak no. :** 14229
**Last Date of Bid Submission:** 18th Nov 2021( 2078-Mangsir-02), 12:00 PM

**Office Chief**

## सम्पादकीय

# अतिवादी अभियान !

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली राजनीतिक सन्देश दिनेगरी चितवन पुगेका छन् । आगामी १०–१२ मंसिरमा चितवनमा एमालेको १०औं महाधिवेशन तोकिएको ओलीको यसपटकको आवाशीय भ्रमण महत्वपूर्ण छ । सोमबार चितवन पुगेका ओलीले मंगलबार राम–सीताको पूजा गरेका छन् । ओली आफैंले माडीलाई रामजन्मभूमि घोषणा गरेका थिए । प्रधानमन्त्रीकै हैसियतमा माडीलाई रामजन्मभूमि घोषणा गरेर छिमेकी मुलुक भारतलाई चिढ्याएका ओलीले अहिले पनि माडीलाई राम जन्मभूमि भन्न छोडेका छैनन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हुँदा ओली राम–सीताको प्रतिमा बनाउनतिर लागेर आलोचित बनेका थिए । तर ओली राम–सीताको प्रतिमा बनाउने कार्यमा रोकिएनन् । बालुवाटारमै उनले प्रतिमा बनाए, माडी लगेर स्थापना गरे ।

ओलीले मंगलबार हिन्दू परम्पराअनुसार, पूजा गरेका छन् । पूजा पछि ओलीले केही राजनीतिक सन्देश दिनेगरी अभिव्यक्ति समेत दिएका छन् । उनले हनुमानको प्रशंग समेत उठाए । 'अनुमान सधैं हात जोडेर मात्रै नबस्ने भन्दै ओलीले पापीहरूलाई हनुमानले हदाहा पनि उठाउने' चेतावनी दिए । अनुमान देखेर पापीहरू आत्तिएको पनि ओलीको भनाइ थियो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड लक्षित अभिव्यक्ति दिदै ओलीले माडी कुरूक्षेत्र नभइ धार्मिक क्षेत्र हुने बताए । तर कुरू क्षेत्र बनाए पनि युद्ध कौरवले जित्ने बताए । अर्थात् ओलीले प्रतिश्पर्धी दलहरूलाई धार्मिक पात्र, परिवेश र साहराका आधारमा चेतावनी दिएका छन् ।

उसोत ओलीले नागरिक कोरोना महामारीले नागरिक जीवनमरणको लडाइँ हुँदा पनि पशुपतिमा जलहरी चढाएका थिए । चर्को विवाद भएपनि ओलीले पशुपतिमा क्षमापुजा गर्दै जलहरी चढाए । धेरैले यसलाई ओलीले धार्मिक राजनीति गर्न चाहेको टिप्पणी गरेका छन् । यदि यो टिप्पणी बमोजिम ओली चुनाव जित्न धार्मिक एजेण्डाको साहरामा पुगेका हुन् भने यो उचित मार्ग होइन । किनकि मुलुक धर्म निरेपक्ष हो । नागरिकलाई धर्म मान्ने स्वतन्त्रता छ, तर त्यसैलाई हतियार बनाएर राजनीति गर्दा मुलुक सही ट्र्याकमा जाँदैन । अझ मुलुकको सवैभन्दा ठूलो दल एमालेका अध्यक्ष र पूर्वप्रधानमन्त्रीले दिन खोजेको सन्देश अतिवादी यात्रा हो । त्यो धारको राजनीति मुलुकको चाहना होइन ।

## सामाजिक सञ्जाल



सर्वोच्च अदालतको न्यायाधिशको पदको गरिमा, मर्यादा र दायित्व बिर्सने न्यायाधिशको उपचार संसदमा छ । अहिलेको रडाकोमा दलहरू बोल्नु पर्ने कुरा प्रन्याको राजिनामा– अरू न्यायाधिशलाई पनि मर्यादामा बस्न सचेतना –न्याय परिषदमा बारको प्रतिनिधि नराख्ने–आइन्दा दलिय भागबन्डा नगर्ने आत्मसमीक्षा ।

- सुर्यराज आचार्य



वकिलहरूले यो यो न्यायाधीशको इजलासमा हामी बहस गर्दैनौं भने झैं झगडियाले पनि हामी फलानो न्यायाधीशको इजलासले गरेको फैसला मान्दैनौं, मेरो मुद्दा फलाना फलानाले मात्र हेर्न पाउँछन् भनेर न्यायाधीश छनौट गर्न मिल्ने व्यवस्था राखौं न । नेपाल हो, जे पनि मिलिहाल्छ केरे ।

- अनन्त कोइराला



प्रत्येक चामलको बोरामा मूल्य बढेको रू. २००, रू. ११ रूपैया पर्ने साबुन रू. ३६, छोई सक्नु छैन महंगीले । यी हाम्रा पत्रकार साथीहरू यो बारे चुँ लेख्दैनन् ! कसरी, घर चलाउदी हुन् ती घरकी भाउजुले ? कसरी भात रूच्दो हो ? भैरेको यो समयको यक्ष प्रश्न !

- विनोद न्यौपाने



न्यायाधीश वकिल, वकिल न्यायाधीश बन्दै गरेको बेला देखिएको भनेको चाँही दुबै अभियुक्त – घुस खाने पनि खुवाउने पनि । कारखानामा हड्ताल र न्यायालयमा हड्ताल फरक कुरा हुन । हड्ताली न्यायाधीश न्यायाधीश हुन सक्दैंनन् किनभने उनीहरूको दिमाग पक्षले भरिएको हुन्छ ।

- सुशिल न्यौपाने



बिगत केही दिनदेखि रामचन्द्र पौडेललाई सुनी रहेको छु, पढिरहेको छु । उनका बतासे कुरा सुन्दा लाग्यो यिनले प्रधानमन्त्री हुन गरेको १७ पटकको असफल प्रयास र बिगत ३ पटकको सभापति हुने असफल प्रयास अस्वभाविक थिएनन् । कपाल घामले पाकेको त होइन तर, उमेरअनुसारको परिपक्वता देखाएनन् !

- नारायण शर्मा

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# न्यायालयभित्रको राजनीति

*सर्वोच्च अदालतमा विश्वनाथ उपाध्यायदेखि हाल बहालवाल बाहेक २१ जना प्रधानन्यायाधीशहरू भए । एकाध अपवाद बाहेक सबैजसो प्रन्याको बहिर्गमन सम्मानजनक तथा गम्भीर आरोपबिहीन रूपमा भएन । बाँचेका पूप्रन्याहरू अहिले 'कोतपर्व'बाट जीउँदै उम्केझैं ठानेको हुनुपर्छ ।*



● जयप्रकाश गुप्ता



> *खिलराजले प्रधानन्यायाधीशहरूमा खतरनाक राजनीतिक महत्वाकांक्षाको बिजारोपण गरे । संविधानसभाको आयुलाई रोकेर तथा त्यस बेला राजनीतिक दलहरूमा कायम रहेको एक अर्कालाई निषेध गर्ने प्रवृतिको फाइदा उठाएर, भारतको समेत सहकार्यमा यिनले आफूलाई सरकार प्रमुखमा पुऱ्याए ।*

वि.सं. २०४७ यता चोलेन्द्र शमशेर राणा २२ औं प्रधानन्यायाधिश हुन् । अन्ततः यिनी पनि महाविवादमा फसेका छन् । यस श्रृंखलाका प्रायः चर्चित न्यायाधिशहरू गम्भीर विवादमा परेर अत्यन्त अपमान रूपबाट बाहिरिए । उनीहरूको अवकाशपश्चातको सार्वजनिक जीवन सहज रहेन ।

विश्वनाथ उपाध्याय समकालीनमध्ये सर्वाधिक चर्चामा रहे । वि.सं. २०४७ सालका बहुदलीय संविधानका उनी मुख्य निर्माता थिए । दरबारका शाहमा सेनाका जर्नेलहरू बुट बजार्दै संविधान मस्यौदा समितिको अफिस पुगेका थिए । नवोदित एमालेको अनेकन् कठिन सुझावहरू थियो जो संविधानवादसँग मेल खाँदैनथ्यो । यस्तो कठिन समयमा विश्वनाथ उपाध्यायले संविधानको मस्यौदा तयार पारेका थिए । तर केही वर्ष नबित्दै उनी एमाले पार्टीको नजरमा अपराधी ठहरिए । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सिफारिस गरेको संसदको विघटनलाई सदर गरेर र पछि प्रधानमन्त्री मनमोहन अधिकारीले सिफारिस गरेको संसदको विघटनलाई बदर गरेर उनी नेपाली कांग्रेसका गिरिजा विरोधी खेमा तथा एमाले पार्टीको कोपभाजनमा परे । यसका अतिरिक्त आफ्ना सहोदर भाई केदारनाथ उपाध्यायलाई सर्वोच्च अदालतमा प्रवेश गराए । साथै उनीभन्दा वरिष्ठ न्यायाधीश कृष्णजंग रायमाझीलाई पन्छाएर न्यायपरिषदको सिफारिशमा प्रधानन्यायाधीश हुनु विवादजन्य कारण मानिन्छ । यहीँबाट एमालेले सर्वोच्च अदालतलाई स्वार्थको सर्वोच्च स्थानमा राख्यो, कांग्रेसले पनि सोही कुराको अनुशरण गर्दै गयो ।

एमालेले अर्का प्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंहलाई पासोमा पाऱ्यो । उनीविरूद्ध संसदमा महाअभियोगको प्रस्ताव लिई आयो । तत्कालीन सभामुख रामचन्द्र पौडेलले सभामुखको विशेषाधिकारको आधारमा सो प्रस्ताव उपर छलफल गर्न अस्वीकार गरेपछि सभामुख पौडेलमाथि शारिरिक प्रहार भयो । मध्यरातमा एमालेका सांसदहरूले सभामुखको कार्यकक्ष फुटाले । शायद एमालेको यस प्रकरणले पहिलो पटक स्थापित गऱ्यो कि न्यायाधीशको आसनमा निर्विघ्न बस्न राजनीतिक शक्तिको पक्षपोषण गर्नु जरूरी छ । सुरेन्द्रप्रसाद सिंह आफ्नो आँखाको आँशु आँखामै सुकाएर अवकाश भए । आफूले भोगेको अपमानबारे यिनी पछिसम्म सुनाई रहन्थे ।

प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायलाई नेपार बारले अकर्मण्य ठहऱ्याएका थिए । यिनको समयमा सरकार माओवादीहरूलाई आतंककारी घोषित गरेको थियो । तर, यिनी माओवादीमैत्री रहेको आरोप तत्कालीन सरकारका मन्त्रीहरूले लगाउने गर्थे । ठिक यस विपरीत माओवादीहरूले भने जिल्ला भ्रमणको क्रममा यिनको मोटरलाई एम्बुसमा पारेका थिए, यिनको ज्यान जोगियो । केदारप्रसाद गिरीलाई एमालेले रूचाएको थिएन । यिनको पुत्रलाई तत्कालीन गृहमन्त्री खुमबहादुर खड्काले प्रहरी सेवामा प्रवेश गराएको तथा गिरीको हिमछिम कांग्रेसीहरूसँग रहेको कुरा एमालेलाई पचेको थिएन । वास्तवमा धनुषा निवासी केदार गिरीको पारिवारिक पृष्ठभूमि नेपाली कांग्रेस पक्षधर रहेको थियो । संसदीय अनुमोदनको क्रममा एमालेले केदार गिरीको लागि गरिएको सिफारिशलाई पास हुन दिएन । यद्यपि त्यस बेलाको संविधानका प्रावधानअनुसार संसदीय समितिले यिनको नाममा मोहर नठोके पनि प्रधानमन्त्री (शायद गिरिजाप्रसाद कोइराला) को सिफारिशमा केदार गिरी राष्ट्रपतिबाट प्रधान न्यायाधीशमा नियुक्त गरिए । केदारप्रसाद गिरीलाई एमालेले पत्याएन । यिनको अवकाश हुनुअघि भावी प्रधानन्यायाधीशको लागि न्याय परिषद्बाट वरिष्ठतम न्यायाधीश रहेका मीनबहादुर रायमाझीको नाम सिफारिस गरिएको थियो । यस सिफारिसलाई एमाले र माओवादी दुवैले मन पराएनन् ।

प्रचण्ड प्रधानमन्त्री थिए । उनले लामो समयसम्म संवैधानिक परिषद्को बैठक डाकेनन् । एमाले र माओवादी दुवैले मीनबहादुर रायमाझीभन्दा कनिष्ठ रहेका खिलराज रेग्मीलाई प्रधानन्यायाधीश बनाउन चाहन्थ्यो । तर निकै लामो माथापच्चिपश्चात मीनबहादुर रायमाझी प्रधानन्यायाधीश भए । खिलराज रेग्मी एमाले र माओवादी दुबैका लागि रूचिकर प्रधानन्यायाधीश भए । साथै, खिलराजलाई भारतले पनि उत्तिकै रूचाएको कुरा बुझ्न अझै कठिन छ । खिलराज रेग्मीभन्दा अघि मुख्य राजनीतिक दलहरूले एक जना भावी न्यायाधीशका बारेमा सोच्दथे । तर, खिलराजले पहिलो पटक नेपालको न्याय प्रणालीमा वंशवादका झैं उत्तराधिकारीहरूको लामो सोंच राखे । आज पनि सर्वोच्च अदालतमा पूर्वप्रधानन्यायाधीशहरू खिलराज रेग्मी, कल्याण श्रेष्ठ र सुशीला कार्कीको हालिमुहाली कायम रहेको चर्चा जानकारहरूले गर्ने गर्दछ । यथार्थमा खिलराज रेग्मीले आफूपछिका तीनजना न्यायाधीशहरूको 'ट्रोईका' खडा गरे । दुई तीनवटा गम्भीर कारणहरूले खिलराज रेग्मीको समय उल्लेखनीय रहेको छ । पहिलो, यिनले प्रधानन्यायाधीशहरूमा खतरनाक राजनीतिक महत्वाकांक्षाको बिजारोपण गरे । संविधानसभाको आयुलाई रोकेर तथा त्यस बेला राजनीतिक दलहरूमा कायम रहेको एक अर्कालाई निषेध गर्ने प्रवृतिको फाइदा उठाएर, भारतको समेत सहकार्यमा यिनले आफूलाई सरकार प्रमुखमा पुऱ्याए । आज धेरैले बिर्सेका होलान् । तर खिलराजको यस मनसायको त्यसबेला बार र नागरिक समाजले कटु आलोचना गरेको थियो ।

दोस्रो, खिलराजले नेपालको न्याय प्रणालीमा पहिलो पटक लामो समयसम्म प्रधानन्यायाधीश हुन सक्नेहरूको ' उत्तराधिकारको लाइन' खडा गरे । करिब २०/३० वर्षसम्म एकपछि अर्को प्रधानन्यायाधीश हुनेहरूको कार्ययोजना बन्यो । तेस्रो, खिलराज रेग्मीको कार्यकालमा राजनीतिक र उच्च प्रशासनिक व्यक्तिहरूका मुद्दामा प्रतिशोध साध्ने कार्यको शुरूवात भयो । खिलराजको कार्यकाल सर्वोच्च अदालतमा बढी कुटील र खतरनाक कार्यकालको रूपमा लिन सकिन्छ ।

दामोदर शर्मा पनि विवादबाट मुक्त रहेनन् । यिनीउपर अदालतमा बिचौलिया प्रवृतिलाई बढावा दिएको आरोप छ । तर, वामपन्थीहरूले दामोदरलाई कहिल्यै पत्याएनन् । साथै, खिलराजको समयमा खडा भएको 'ट्रेयका'को उत्तराधिकारवादलाई यिनले तोड्ने केही प्रयास गरेकोले यिनी बढी आलोच्य बनाइए । अहिलेका विवादीत प्रधानन्यायाधीश चोलेन्द्र शमशेर, खिलराज रेग्मी र सुशीला कार्कीबाट कारबाहीमा पारिएका थिए । दामोदरले चोलेन्द्रलाई न्यायपरिषदबाट मिनाहा माफी दिलाएर लामो समयसम्म सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुने लाइनमा योग्य बनाए । प्रकाश बस्ती अख्तियार दुरूपयोग अनुसन्धान आयोगका वैतनिक कानुनी सल्लाहकार थिए । उनलाई 'ट्रोई'का रणनीतिले सर्वोच्च अदालतमा ल्याएका थिए । दामोदर शर्माले प्रकाश बस्तीलाई स्थायी न्यायाधिश हुन दिएनन् । कल्याण-सुशीलाहरूलाई यसबाट ठूलो धक्का पुगेको थियो । प्रेस र नागरिक समाज तथा कांग्रेस विरोधी राजनीतिक धुरीमा गहिरो प्रभाव राखेका ट्रोईकाले दामोदर शर्मालाई ठूलो आलोचनाको घेराभित्र पुऱ्यायो । भनिन्छ, दामोदरले थोरै भएपनि ट्रोईका रणनीतिलाई अवरोध गर्ने प्रयास नगरेको भए नेपालको न्याय व्यवस्था अझ अवनतिको खाडलमा जाकिने थियो । एक राजनीतिक समूहको ट्रोईकाको खतरनाक मनोकांक्षाको दीर्घकालसम्म कमारो रहन्थ्यो ।

सुशीला कार्कीको अवकाश शायद सर्वाधिक अपमानजनक र अवसादपूर्ण रह्यो । प्रम शेरबहादुर देउवाको इसारामा नेपाली कांग्रेसका सांसदहरूले प्रधानन्यायाधीश सुशीला कार्कीको विरुद्व संसदमा महाअभियोगको प्रस्ताव पेश गऱ्यो । महाअभियोगको यो प्रस्तावको सबै तिरबाट आलोचना भयो । महाअभियोग आधारहरू कमजोर थियो तर त्यहि बेथाले सुशीला स्वभाविक अवकाश पाउनुभन्दा करिब २ साता अघि अत्यन्त अपमानजनक ढंगबाट बेईज्जतिका साथ बहिरिनु पऱ्यो । उनले बेन्च तोक्न सकिनन् । जसले चोलेन्द्र शमशेरलाई तरेपार पुऱ्याएकी थिईन्, तिनै चोलेन्द्रको शरणागत भईन् । गोप्य सम्झौता गरी महाअभियोगलाई निरस्त गराइन्, चोलेन्द्र शमशेरका लागि बाटो प्रशस्त गरी । यस अपमानको बोध र तुष आज पनि सुशीलाको कर्कश स्वभावमा तथा सदैव क्रोधाभाषको अनुहारमा देखिन्छ । गोपाल पराजुलीको प्रधानन्यायाधीशको रूपमा बहिर्गमन उनको लागि अत्यन्त अपमानजनक रह्यो । शायद आफ्नो प्रकारको अद्वितिय । पराजुली अहिले संचार माध्यममा सक्रियताका साथ आफू उपर भएको षडयन्त्र भनिरहेका छन् । यसर्थ मैले यहाँ धेरै लेख्नु आवश्यक ठानिन् । दीपक जोशीलाई एमालेको बिरोधले प्रधानन्यायाधिश हुन दिएन । संसदीय समितिको जोडबलले अनि उपरको आरोपको पुष्टी पनि कसैले गर्नुपरेन । उनी बलात् कामु प्रधानन्यायाधीशबाटै फ्याँकिए । अब पालो आएको छ- चोलेन्द्र शमशेरको । हेर्नुछ राणा साहेबको हविगत ।

सर्वोच्च अदालतमा विश्वनाथ उपाध्यायदेखि हाल बहालवाल बाहेक २१ जना प्रधानन्यायाधीशहरू भए । एकाध अपवाद बाहेक सबैजसो प्रन्याको बहिर्गमन सम्मानजनक तथा गम्भीर आरोपबिहीन रूपमा भएन । बाँचेका पूप्रन्याहरू अहिले 'कोतपर्व'बाट जीउँदै उम्केझैं ठानेको हुनुपर्छ ।

## कुकुर तिहार विशेष

# कसरी पाल्ने कुकुर ?

*कुकुर घर ल्याई सके पछि घरधनी तथा अन्य सदस्यले आफ्ना बानी व्यहोरामा परिवर्तन ल्याउनु पर्ने हुन्छ । किनकी मालिकको व्यवहार जस्तो हुन्छ यस्ता कुरामा हेक्का नराख्ने हो भने कुकुर मानिसको साथी नभई बेकार को बोझ बन्न पुग्दछ । मालिकको बानी व्यहोरा जस्तो हुन्छ कुकुरले त्यसको सिको गर्छ ।*



● डा.केदार कार्की

कुकुरलाई मानिसको नजिकको साथी पनि मानिन्छ । तर त्यही कुकुर पाल्दा हेलचेर्क्याइँ गरियो भने आफैँलाई झन्झटिलो समस्या आइपर्ने हुन सक्छ । प्रायः जसो हाम्रो शहर बजारमा हुने खाने सौखिन व्यक्तिहरुले विभिन्न जातका स्वदेशी एवं विदेशी जातका कुकुर पालने गरेको पाइन्छ । यसका साथै छरछिमेकीले पनि आफ्नो प्रतिष्ठाका लागि देखासिकी गरी कुकुर पाल्ने प्रचलन रहेको छ । प्रायः विभिन्न संस्थाबाट खरीद गरी वा चिनजान कहाँबाट मागेर वा सडकमा भेटिएका लावारिश कुकुर ल्याई पाल्ने प्रचलन त पुरानै हो । तर कुकुर कसरी पाल्ने यस बारे भने थाहा नभएको पाइन्छ ।

